## समाधानका उपायहरु

**बासस्थानको व्यवस्थापन:**



बासस्थान व्यवस्थापन गर्नाले वन्यजन्तुहरूले उपयुक्त खाना, स्रोत र आश्रय स्थल प्राप्त गर्न सक्छन । राम्रो व्यवस्थापनले गर्दा वन्यजन्तुहरु मानव बस्तीमा जान कम गर्छन र यसरी मानव वन्यजन्तु द्वन्द न्यूनीकरण हुन्छ।

**क्षेतिपुर्ती र बीमा कार्यक्रम:**




जब मानिसहरुको गाईवस्तु वा बालीनालीमा वन्यजन्तुले आक्रमण गर्छ त्यस्तो बेला मानिसहरु एकदमै रिसाएर वन्यजन्तुलाई पुन: आक्रमण गर्छन तर यदि क्षेतिपुर्ती र बीमाको प्रावधान छ भने मानिसहरुले वन्यजन्तुलाई हमला गर्दैनन् । यसरी मानव वन्यजन्तु द्वन्द न्यूनीकरण गर्न सकिन्छ।

**समुदायमा आधारित सरंक्षण कार्यक्रम:**



समुदायकै सहकार्यमा मानव वन्यजन्तु द्वन्द न्यूनीकरण गर्न सकिन्छ। जब स्थानियहरु सरंक्षणमा आफैँ संलग्न हुन्छन तब उनिहरुलाई जिम्मेवार बोध हुन्छ र द्वन्द न्यूनीकरणमा संलग्न हुन्छन ।

**आर्थिक विकल्प र पर्यटन प्रवर्धन कार्यक्रम:**



मानिसले आयआर्जनको लागि कृषि र गाईबस्तु पालन मात्र नभई अन्य अरु आर्थिक क्षेत्रमा संलग्न भएमा मानव वन्यजन्तु द्वन्द न्यूनीकरण गर्न सकिन्छ ।

**प्रारम्भिक चेतावनी प्रणालीहरू:**




प्रारम्भिक चेतावनी प्रणालीहरूले गर्दा पहिला नै मानिसहरुलाई सचेत गराँउछ र वन्यजन्तुले गर्ने हानी नोक्सनीबाट बाँच्न र बचाँउन सकिन्छ र द्वन्द न्यूनीकरण गर्न सकिन्छ।

**शिक्षा र जनचेतना :**



मानिसहरुमा वन्यजन्तुको बारेमा ज्ञान र जनचेतना दिएमा उनिहरुले वन्यजन्तु महत्त्वको बारेमा धेरै कुरा थाहा पाउँछन र अरु समक्ष जनचेतना फैलाएर मानव वन्यजन्तु द्वन्द न्यूनीकरण गर्न सकिन्छ ।

RESEARCHER AND PROJECT LEADER

**BIJAYA NEUPANE**

**Financially Supported by:**

The Rufford Foundation www.rufford.org @ruffordgrants

WWF RUSSELL E. TRAIN EDUCATION FOR NATURE

**For further information**

bneupane@iofpc.edu.np

**"मानव-वन्यजन्तु द्वन्दको सजिलो समाधान, प्राकृतिक सौन्दर्यको संरक्षण"**





# मानव वन्यजन्तु द्वन्द र द्वन्द न्यूनीकरण गर्नका लागि सचेतना एवम संरक्षण शिक्षा





## परिचय

मानव वन्यजन्तु द्वन्द भनेको मानव र वन्यजन्तु बीच कुनै पनि अन्तरक्रिया जसले मानवको सामाजिक, आर्थिक वा साँस्कृतिक जीवनमा,वन्यजन्तुको संरक्षणमा वा वातावरणमा नकारत्मक प्रभाव पार्नु हो ।जब जनावरहरुको आवश्यकता र व्यवहारले मानवको लक्ष्यहरुसँग हस्तक्षेप गर्छ वा मानवहरुको लक्ष्यले वन्यजन्तुको आवश्यकतामा हस्तक्षेप गर्छ तब बल्ल मानव र वन्यजन्तु बीच द्वन्द उत्पन्न हुन्छ। जस्तै मानव घाइते वा मृत्यु, पशुधनको नाश, बालीनालीमा आक्रमण, भौतिक सम्पति,अन्नभण्डारको क्षेति र वन्यजन्तुको हत्या ।

यो संसारभरको संरक्षण मुद्दाहरु मध्ये एक हो। यो समस्या सबैको लागि नयाँ होइन किन कि यो धेरै बर्ष देखी परिचित छ र यो क्रमिक रुपमा बढ्दै गैइरहेको छ ।

## नेपालको वर्तमान अवस्था



मानव वन्यजन्तु द्वन्द नेपालमा प्रचुर मात्रमा बढ्दै गैइरहेको छ । नेपालमा वन्यजन्तुको संरक्षण भएको छ तर मानव वन्यजन्तु द्वन्द भने बढेको छ। नेपालमा २० वटा संरक्षित क्षेत्रहरु छन् । हाल नेपालमा बाघको संख्या ३५५, गैंडाको संख्या ७५२ पुगेको छ। मध्यवर्ती क्षेत्रमा मात्र नभई समुदायिक वनहरुमा पनि द्वन्द बढ्दै गैइरहेको छ । नेपालमा मानव र हात्ती, गैंडा, बाघ, चितुवा बीच बढी द्वन्द भएको छ । विशेष गरी तराईको तल्लो भूमिमा मानव वन्यजन्तु द्वन्द बढी मात्रमा पाइन्छ ।





## मानव वन्यजन्तु द्वन्दको कारण



वन्यजन्तुको बासस्थानमा अतिक्रमण



घाँस काठ र अन्य वन पैदवारहरु अवैध रुपमा सङ्कलन



शिकार र अवैध वन्यजन्तुको व्यापार



अपर्याप्त द्वन्द न्यूनीकरण उपायहरू



पशुधन वनमा वा वनको नजिक चराउने



शिक्षा र चेतनाको अभाव



पर्यटन र मनोरञ्जन



जलवायु परिवर्तन





## मानव वन्यजन्तु द्वन्दको असर

**मानव तथा जनधनमा असर**



घाइते र मानविय जीवनको क्षेति



कृषि बालीमा क्षेति



पशुधनको क्षेति



धनसम्पतिको क्षेति

**वन्यजन्तुमा असर**



घाइते र मृत्यु



डर र त्रास



जनसंख्या घट्ने



चोरी शिकार



शरिरिक स्वस्थामा परिवर्तन आउने



व्यवहार र बानीमा परिवर्तन


WWF
RUSSELL E. TRAIN EDUCATION FOR NATURE
वन्यजन्तुको बासस्थानमा अतिक्रमण नगरौँ
The Rufford Foundation
www.rufford.org @ruffordgrants
“वन्यजन्तु रहे पो हाम्रो आस्तित्व रहन्छ “
“वन जंगल जाँदा र रातीको समयमा एक्लै नहिंड्ने”
“अहिले नगरे कहिले गर्ने हामीले नगरे कसले गर्ने “
“गाई वस्तुहरुको गोठ आधुनिक तरिकाले निर्माण गर्ने”
मानव-वन्यजन्तु द्वन्दको सजिलो समाधान, प्राकृतिक सौन्दर्यको संरक्षण